**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ३ | संख्याः २ | मितिः २०७७/०३/१०

# भाग - ३

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिकाको विनियोजन ऐन, २०७७

**प्रस्तावनाः** बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२ को उपधारा (२) बमोजिम बान्नीगढी जयगढ गाउँपालिकाको चौथो सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नामः बान्नीगढी जयगढ गाउँपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ३१,२०,९६,५५०।- (अक्षेरूपी ३१ करोड २० लाख ९६ हजार पाँच सय पचास रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त बान्नीगढी जयगढ गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचीः १**
**(दफा २ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| **अनुमानित आम्दानी** | | | **अनुमानित खर्च** | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **शिर्षकको नाम** | **जम्मा रू.** | **क्र.सं.** | **शिर्षकको नाम** | **जम्मा रू.** |
| १ | नेपाल सरकार वितिय समानीकरण अनुदान | ७९८०००००।- | १ | कार्यालय सञ्चालन | ७५००००००।- |
| २ | प्रदेश सरकार वितिय समानीयकरण अनुदान | ६९२०००००।- | २ | गाउँपालिका स्तरीय योजनाहरू | २६२६९५५०।- |
| ३ | नेपाल सरकार सशर्त अनुदान | १५०५०००००।- | ३ | वडा स्तरीय योजनाहरूमा | २३७०००००।- |
| ४ | नेपाल सरकार राजश्व बाँडफाँड | ६०४१६५५०।- | ४ | नेपाल सरकार सशर्त अनुदान | १५०५०००००।- |
| ५ | प्रदेश सरकार राजश्व बाँडफाँड | १३३३०००।- | ५ | विषयगत शाखा | २४००००००।- |
| ६ | आन्तरिक स्रोत | २००००००।- | ६ | लक्षित वर्ग | २५०००००।- |
| ७ | संचित कोषमा अनुमानित मौज्दात | १००००००।- | ७ | प्रदेश सरकार अनुदान | ६८०००००।- |
| ८ | प्रदेश सरकार समपुरक | ३३२७०००।- | ८ | प्रदेश सरकार समपुरक | ३३२७०००।- |
| ९ | प्रदेश सरकार विशेष | ६८०००००।- | | | |
| | **जम्मा** | **३१२०९६५५०।-** | | **जम्मा** | **३१२०९६५५०।-** |

**आज्ञाले,**
शैलेशराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत